आज मिति २०८० साल असार ०३ गते आईतबार नेपालको संविधानको धारा २१६ अनुसार गठित नमोबुद्ध नगरपालिकाका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्रीमान् कुनसाङ लामाज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितमा १६ (सोह्रौं) बैठक बसी निम्न बमोजिमको निर्णय गरीयो।

## उपस्थिति

१. नगर प्रमुख: श्रीमान् कुनसाङ लामा

२. नगर उपप्रमुख: श्री रत्न बहादुर लामा

३. प्रमुख प्रशासकीय अधिकृतः श्री ईश्वरी प्रसाद शर्मा

४. वडा अध्यक्ष वडा नं. १ : श्री प्रेम बहादुर तामाङ

५. वडा अध्यक्ष वडा नं. २ : श्री कवि राज श्रेष्ठ

६. वडा अध्यक्ष वडा नं. ३ : श्री रमेश तिवारी

७. वडा अध्यक्ष वडा नं. ४ : श्री अर्जुन बहादुर कार्की

८. वडा अध्यक्ष वडा नं. ५ : श्री सुरे तामाङ

९. वडा अध्यक्ष वडा नं. ६ : श्री टिका बहादुर के.सी.

१०. वडा अध्यक्ष वडा नं. ७ : श्री धर्म सिं लामा

११. वडा अध्यक्ष वडा नं. ८ : श्री शेर बहादुर तामाङ

१२. वडा अध्यक्ष वडा नं. ९ : श्री विर बहादुर लामा

१३. वडा अध्यक्ष वडा नं. १० : श्री रामकृष्ण उपाध्याय

१४. वडा अध्यक्ष वडा नं. ११ : श्री कृष्ण बहादुर तामाङ

१५. नगर कार्यपालिका सदस्य : श्री वेली निलम लामा

१६. नगर कार्यपालिका सदस्य : श्री शान्ति तामाङ

१७. नगर कार्यपालिका सदस्य : श्री असली माया मोक्तान

१८. नगर कार्यपालिका सदस्य : श्री गीता श्रेष्ठ

१९. नगर कार्यपालिका सदस्य : श्री बुद्ध कुमारी तामाङ

२०. नगर कार्यपालिका सदस्य: श्री शुसिला परियार

२१. नगर कार्यपालिका सदस्य : श्री सुरेश तोलाङ्गे (सार्की)

२२. नगर कार्यपालिका सदस्य : श्री गोपाल नेपाली

छलफलका लागि पेश भएका विषयहरु:

१. विभिन्न परिपत्र सम्बन्धमा।

२. आर्थिक वर्ष २०७९/०८० को लागि दोश्रो नगर सभाको पहिलो अधिवेशनबाट स्वीकृत भएको वार्षिक विकास योजना (नीति, कार्यक्रम तथा बजेट) कार्यान्वयनको अवस्था तथा भुक्तानी गर्ने समयावधि सम्बन्धमा।

३. आर्थिक वर्ष २०८०/०८१ को लागि नीति, कार्यक्रम तथा बजेट (वार्षिक नगर विकास योजना) निर्माण गर्ने सम्बन्धमा।

४. विविध।

निर्णयार्थ पेश भएका विषयहरु:

१. कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको समीक्षा सम्बन्धमा।

२. दोश्रो नगर सभाको तेश्रो अधिवेशन (बजेट अधिवेशन) को मिति तथा समय तोक्ने सम्बन्धमा।

३. जग्गा लिजमा उपलब्ध गराउने सम्बन्धमा।

४. नमोबुद्ध नगरपालिकाको सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०८० सम्बन्धमा।

५. विविध।

निर्णयहरु:

निर्णय नम्बर १:

नमोबुद्ध नगरपालिका नगर कार्यपालिकाको विभिन्न मितिमा भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समीक्षा गरियो।

निर्णय नम्बर २:

नमोबुद्ध नगरपालिकाको दोश्रो नगर सभाको तेश्रो अधिवेशन (बजेट अधिवेशन) को पहिलो बैठक मिति २०८० असार १० गते विहानको ठिक ११:०० बजे नगरपालिकाको सभाहल, भकुण्डेबेशीमा गर्ने।

निर्णय नम्बर ३:

नेपाल विद्युत प्राधिकरण, काभ्रे वितरण केन्द्र, बनेपा, काभ्रेपलाञ्चोकको प.सं. २०७९/०८०, च.नं. १४५०, मिति २०८०/०२/२३ गतेको जग्गाको व्यवस्थापन गरिदिने सम्बन्धमा प्राप्त पत्रानुसार यस नमोबुद्ध नगरपालिकाको मिति २०७८/११/२७ गते बसेको नगर कार्यपालिका बैठकको निर्णयानुसार प.सं. २०७८/०७९, च.नं. १३४२, मिति २०७८/११/२७ गतेको जग्गा भोगाधिकार सम्बन्धमा प्रेशित पत्र बमोजिम नेपाल विद्युत प्राधिकरणको कार्यालय स्थापनाको लागि नमोबुद्ध नगरपालिका वडा नम्बर ०७

(साविक खनालथोक गा.वि.स., वडा नम्बर ०६) को कित्ता नम्बर २६९ को पूर्व तर्फ नागेडाँडामा ५ रोपनी जग्गा उपलब्ध गराईएकोमा सो जग्गा कार्यालय स्थापनाको लागि अपायक भएको र सो ठाउँमा कार्यालय स्थापना गरेर त्यहाँका सेवाग्राहीहरुलाई सहजताका साथ सेवा प्रदान गर्न असजिलो हुने देखिएकोले नमोबुद्ध नगरपालिका, रोशी गाउँपालिका तथा महाभारत गाउँपालिका समेतलाई समेटिने गरि उप-वितरण केन्द्र स्थापना गर्न भकुण्डेबेशी बजार क्षेत्र भित्र तथा धुलिखेल-नेपालथोक वि.पि. राजमार्गको दाँया/बाँया करिब २०० मिटर भित्रको अन्य कुनै ठाउँमा ५ रोपनी क्षेत्रफल बराबरकै जग्गा व्यवस्थापन गरी सहयोग गरिदिने सन्दर्भमा नमोबुद्ध नगरपालिका, ०७ नम्बर वडा कार्यालयको प.सं. २०७९/०८०, च.नं. ९६०, मिति २०८०/०३/०३ गतेको सिफारिस साथ संलग्न मिति २०८०/०३/०३ गतेनै बसेको वडा समितिको बैठकको निर्णयानुसार काभ्रेपलाञ्चोक जिल्ला नमोबुद्ध नगरपालिका वडा नम्बर ०७ (साविक खनालथोक गा.वि.स., वडा नम्बर ०४) को कित्ता नम्बर १६९ तल्लो जयमंगलटारको सार्वजनिक जग्गामा नेपाल विद्युत प्राधिकरणको उप-वितरण केन्द्रको कार्यालय स्थापना गर्न प्रचलित कानुनको अधिनमा रही सो जग्गा उपयोग गर्न वा दीर्घकालीन समयका लागि लिजमा उपलब्ध गराउने र सो कार्यको सहजीकरणको लागि जिल्ला प्रशासन कार्यालय, काभ्रेपलाञ्चोक र सम्बन्धित निकायमा पत्राचार सहित अनुरोध गर्ने।

**निर्णय नम्बर ४:**

नमोबुद्ध नगरपालिकालाई स्थानीय स्रोतको परिचालनमा सक्षम र प्रभावकारी बनाउन तथा संविधान तथा कानूनद्वारा प्रदत्त राजस्व अधिकारको उपयोग गर्दै स्थानीय कर संकलन र व्यवस्थापनमा आत्मनिर्भर बनाउन नेपालको संविधानको अनुसूची ८ तथा स्थानिय सरकार सञ्चालन ऐन २०६४ को दफा ११(२) घ ले नगरपालिकालाई आफ्नो क्षेत्रभित्र सम्पत्ति कर लगाउन सक्ने गरी प्रदान गरेको अधिकारलाई कार्यान्वयनमा ल्याउन र सम्पत्ति कर व्यवस्थापन प्रक्रियालाई स्पष्ट, पारदर्शी तथा व्यवस्थित गर्न नमोबुद्ध नगरपालिकाको आर्थिक ऐन, २०७६ को दफा २ को उपदफा (३) बमोजिम नगर कार्यपालिकाको मिति २०७६/०३/२९ गतेको बैठकबाट स्वीकृत भएको सम्पत्ति कर व्यवस्थापन कार्यविधि,२०७६ लाई खारेज गरी नगरपालिकाले तयार गरेको जग्गा वर्गीकरण मापदण्ड अनुसार नमोबुद्ध नगरपालिकाको सम्पत्ति कर व्यवस्थापन कार्यविधि, २०८० निर्माण गर्ने र सो कार्यविधि विधायन समितिबाट छलफल भई मिति २०८०/०३/१७ गते सम्म पेश गर्ने।